## सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ८ | संख्या :०४ | मितिः २०८१/०४/०१


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

।

## सानीभेरी गाउँपालिका आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

गाउँ सभामा प्रस्तुत मितिः२०८१/०३/०९

गाउँ सभाबाट पारित मितिः२०८१/०३/२७

**गाउँसभाका सदस्य ज्यूहरु,**

पुर्व जनप्रतिनिधी ज्युहरु ,राष्ट्रसेवक कर्मचारीहरु शिक्षक बर्ग बुद्धिजीवि किसान ब्यवसायी पत्रकार यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु साथै सामाजिक संजाल र एफ.एम सुनेर बस्नुहुने सम्पुर्ण दाजुभाई तथा दिदिबहिनिहरु।

सानीभेरी गाउँपालिका

१. नेपालको संविधान वमोजिम दोस्रो कार्यकालमा निर्वाचित तेस्रो आर्थिक बर्षको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु।

२. यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना दिगो तथा संस्थागत विकास गर्नको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन २०५२ सालदेखी २०६३ साल सम्म सन्चालन भएको महान जनयुद्ध सबै - किसिमका गौरवपुर्ण आन्दोलनको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमिकता, भौगलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता,स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। साथै, घाइते, बेपत्ता योद्वाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु।

३. संवत २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पबाट ज्यान गुमाउने सानीभेरीबासी लगायत सबैमा हार्दिक श्रद्वान्जली अर्पण गर्दै घाईते तथा अपाङ्गता भएका सबैमा स्वास्थ्य लाभको कामना गर्दछु।साथै भुकम्प पश्चात उद्धार,उपचार ,राहत पुनःलाभ र अस्थायी आवास निर्माणमा सहयोग गर्ने संघीय सरकार,प्रदेश सरकार,स्थानीय तह,जनप्रतिनिधि,कर्मचारी विभिन्न राजनीतिक दल,संघ संस्था,स्थानीय सर्वसाधारण लगायत सम्पुर्ण मा पालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछौ ।

४. नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना तीन तहको हुने व्यवस्था गरे अनुसार संविधान वमोजिम तीनै तहले राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ। तसर्थ संवैधानिक तथा कानुनी ब्यबस्था अनुरुप सानीभेरी गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही आवधिक तथा बार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्दै आएको कुरा सबैलाई स्मरण गराउन चाहन्छु।

५. संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवर्द्धन गर्नु हो। यसका लागि सानीभेरी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह, जनताको मागमा आधारित विकास ब्यबस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ। स्थानीय तहको दोस्रो कार्यकालको तेस्रो बर्षको नीति तथा कार्यक्रम मार्फत समृद्ध सानीभेरीको सपना साकार पार्न विनाहिचकिचावट लागि पर्ने संकल्प पेश गर्न चाहन्छु।

६. नेपाल सरकारको १६ औं आवधिक योजनाले लिएका लक्ष्य र उदेश्यहरु दिगो विकासका लक्ष्यहरु, कर्णाली प्रदेश सरकारको आवधिक योजना र सानीभेरी गाउँपालिकाको दोस्रो पञ्चबर्षिय आवधिक योजनाले मार्गनिर्देश गरेका लक्ष्यहरु विभिन्न समयमा विषयगत समितिले दिएका सुझावहरु कार्यन्वयन गर्ने प्रतिबद्धता सभा समक्ष पेश गर्दछु।

७. आर्थिक वर्ष ०७८/७९ देखी नै संघीय समानीकरण अनुदान तथा राजस्व बाँडफाड बाट प्राप्त हुने आय र पालिकाको आफ्नै आन्तरिक स्रोतबाट प्राप्त राजस्व कमजोर हुँदा आयोजना तथा कार्यक्रमहरु सोही बर्ष कार्यन्वयन हुन नसकी दायित्व सर्दै गई पछिल्लो आर्थिक बर्षका बजेटहरु प्रभावित हुँदै गएको कुरा सभालाई जानकारी गराउन चाहन्छु। अघोषित आर्थिक संकटले पालिका नराम्ररी गुज्रिएको यद्यपी सिमित स्रोत साधन न्यून बेतनमा काम गर्ने पालिका स्रोतका शिक्षक तथा कर्मचारी ,हुर्कदै गरेको संस्थागत क्षमता लगायतका सिमितता भित्र पनि शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाई, सामाजिक सुरक्षा तथा संरक्षण, विपत ब्यवस्थापन, काम र रोजगारी,सार्वजनिक सेवा प्रवाहा, भष्ट्राचार नियन्त्रण तथा पारदर्शिता,सुशासन र विधिको शासन, विकास ब्यवस्थापन, बेरुजु न्युनीकरण लगायतका क्षेत्रमा पालिकाले उल्लेख्य उपलब्धि हासिल गरेको ब्यहोरा सूचित गर्दछु।

८. कृषिमा उत्पादन तथा बिक्रिमा आधारित अनुदान कार्यविधि अनुरुप ७३८ किसानहरु प्रत्यक्ष रुपमा लाभ लिएका छन। ब्यवसायिक खेती प्रवर्धन गर्न पालिकाले प्राविधिक तथा आर्थिक सहयोग गरिरहेको छ। पालिकाका ११ वटै वडालाई विभिन्न पकेट क्षेत्रमा विभाजन गरी सोही अनुरुप वडाले आफ्नो पहिचान विस्तार गर्दै लगेका छन। भुकम्पले क्षति भएको अन्न तथा खाद्यान्न बालीको

मूल्याङ्कन गरी क्षतिपुर्ति उपलब्ध गराउने काम सम्पन्न भएको छ। वडाबाटै कृषकलाई प्राविधिक सेवा र टेवा पुर्याउन एक वडा एक कृषि प्राविधिकको ब्यवस्था गरिएको छ।

९. दुध उत्पादनमा वृद्धि गरी पुशपालन तर्फ किसानलाई आकर्षित गर्न चालु आर्थिक बर्षमा ५२२ वटा भैसीलाई रु ३००० का दरले सुत्केरी स्याहार भत्ता उपलब्ध गराईएको छ। ब्यावसायिक बाख्रा पकेट कार्यक्रम, पशु स्याहार तथा उपचार, कृत्रिम गर्भधानका लागि ट्रे विज निर्माण, पशु स्वास्थ्य उपचार शिविर , ५२२ वटा भैसीको निशुल्क पशु वीमा लगायतका उल्लेखनीय कार्य पशु क्षेत्रमा गरिएको छ।

१०. गरिवी निवारण तथा उद्यमशिलता प्रवर्धन गर्न लघु उद्यम कार्यक्रम मार्फत वडा नं ६ मा अल्लो धागो प्रशोधन र वडा नं १० र ११ मा सिलाई कटाई कार्यक्रम सम्पन्न भएका छन। मौराखारा गुरिल्ला म्याराथन तथा होमस्टे तालिम तथा सिकाई भ्रमण मार्फत पर्यटन प्रवर्धन सँगसंगै रोजगारी सिर्जनाका आधार तयार गरिएको छ।

११. यो बर्ष माध्यमिक तथा आधारभुत विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय ब्यवस्थापन, शिक्षक ब्यवस्थापन, विद्यालय भवन निर्माण,विद्यालयहरुको संस्थागत क्षमता विकास तथा विद्यालय प्रति जनताको विश्वास बचाईराख्न विद्यालय तह घटुवा तथा समायोजन गरी एक वडा एक माविको प्रक्रिया अघि बढाईएको छ । स्रोत केन्द्रमा आधारित विद्यालय अनुगमन तथा सुपरिवेक्षण ,प्रधानाध्यपक ब्यवस्थापन ,शिक्षकको पेशागत विकास ,स्थानीय पाठ्यक्रम निर्माण, भुकम्प प्रभावित ३६ वटा विद्यालयहरुमा अस्थायी सिकाई केन्द्र (टाईप-टु) निर्माण ,शौचालय निर्माण र विद्यार्थीहरुलाई आपतकालीन सिकाई किट वितरण गरी विपतको समयमा सिकाई निरन्तरताका कार्यक्रमहरु सम्पन्न गरिएका छन। संरक्षणविहिन टुहुरा बालबालिकालाई सामाजिक सुरक्षा र संरक्षणका लागि मासिक भत्ता, जोखिममा रहेका १८६ जना बालबालिकालाई शैक्षिक सहायता तथा आर्थिक सहायता स्वरुप रु १७ लाख वितरण,आपतकालिन बालउद्धार कोष मार्फत आपतमा परेका १९ जना बालबालिकालाई उपचार सहायता ,बैकल्पिक संरक्षणको आवश्यकता रहेका

४ जना बालबालिकालाई जिल्ला बाहिर स्नेह केन्द्रमा पठनपाठनका लागि पठाईएको छ।

१२. बालविवाह न्यूनिकरण गरी सभ्य समाजको निर्माण गर्न १५ स्थानमा सचेतना कार्यक्रम,११ स्थानमा वडा स्तरीय बाल संरक्षण समिति पुर्नगठन , वडा नं ९ मा सघन रुपमा पोषणमैत्री वडा घोषणका कार्यक्रमहरु,२०२ छोरीको बैंक खाता,जेष्ठ नागरिक स्वास्थ्य चेक जाँच तथा परिक्षण ३६८७४ जना नागरिकहरुको आधारभुत स्तरको स्वास्थ्य उपचार, विभिन्न शिविरहरु (अपाङ्ग शिविर, मानसिक स्वास्थ्य शिविर, प्रजनन् स्वास्थ्य शिविर, परिवार योजना शिविर, कान तथा सहायक सामाग्री वितरण शिविर तथा अन्य शिविर) संचालन गरी विपत र अन्य समयमा नागरिकको स्वास्थ्य प्रति पालिका संवदेनशील रहेको छ।

१३. WHO सँगको सहकार्यमा अस्पतालमा पुनस्थापना केन्द्र स्थापना तथा सेवा संचालन ,गर्भवतीहरुलाई निशुल्क भिडियो एक्सरे कार्यक्रमबाट १२१ गर्भवती प्रत्यक्ष रुपमा लाभान्वित ,२ जना MBBS डाक्टर बाट सेवा प्रवाह,आँखा उपचार केन्द्र सुदृढीकरण, छ। विपन्न नागरिक उपचार सहायता कार्यक्रम अन्तर्गत ११८ जनालाई ७ लाख रकम बराबरको उपचार सहयोग, १५० जना सुत्केरीहरुलाई रु ५ लाख बराबरको निशुल्क एम्बुलेन्स सेवा प्रवाह गरी जोखिमको सम्मुखमा रहेका महिलाहरुको जीवन रक्षाका लागि पालिकाले महिला,बालबालिका तथा विपन्न नागरिकको स्वास्थ्य क्षेत्रमा सक्दो लगानी बढाईरहेको छ।

१४. विद्यालय बाहिरका किशोरीहरुलाई पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी प्रशिक्षण तथा अनुशिक्षण ,जैवीक विषादी, प्राङ्गरिक मल र कम्पोस्ट तथा गोठे मल ब्यबस्थापन सम्बन्धि अभिमुखीकरण तथा ५० प्रतिशत अनुदानमा प्राङ्गरिक मल बनाउन ड्रम बितरण ,पानी शुद्धिकरणको लागि अति बिपन्न सुनौला हजार दिनको घरपरिवारलाइ फिल्टर वितरण ,दिवाखाजा व्यवस्थापनका लागि सबै विद्यालयमा भान्सा ब्यवस्थापन,भकारो सुधार,घरबारी ब्यवस्थापन,सरसफाई सामग्री वितरण र खानेपानी परिक्षण लगायतका स्वास्थ्य,शिक्षा,कृषि,सरसफाई महिला तथा बालबालिका क्षेत्रका अधिकांश सूचक पुरा गरी ९ नं वडालाई पोषणमैत्री वडा घोषणाका लागि आधार तयार पारिएको छ।

१५. विकासको भौतिक पाटो सडक, खानेपानी, सिंचाइ, भवन,बिधुतीकरण लगायतका पूर्वाधारहरु पर्दछन्। यसले उत्पादन तथा उत्पादकत्व बढाउदै जनजीवनलाई सहज र सरल बनाउने तथा रोजगारी सृजनामा मद्दत गर्दछ।चालु आर्थिक वर्षमा गाउँपालिका प्रशासकीय भवन र अस्पतालको भवन निर्माणको अन्तिम चरण मा पुगेको छ।वडा नं ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न र वडा नं ११ को वडा कार्यालय भवन सम्पन्न हुने क्रममा रहेको छ।

१६. वडा नं ७ ,१०,९ का विभिन्न सडकको स्तर उन्नति , ११ वटा नँया खानेपानी आयोजना निर्माण तथा सिंचाई आयोजना ,बेल्टापु खेलकुद रंगशालाको स्तरोन्नोति तथा तुसारे अध्याचौर गरायला लिफ्टिङ खानेपानी निर्माणको अन्तिम चरणमा रहेको छन।

१७. विपद ब्यवस्थापन गर्न विभिन्न कानुनी ब्यवस्थाहरु रहेका छन यो बर्ष स्थानीय विपत तथा जलवायू उत्थानशील योजना(LDCRP) र आपतकालिन कार्य संचालन कार्यविधी  निर्माण गरिएको छ।जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्प पश्चात क्षतिको द्रुत लेखाजोखा र तथ्याङ्क संकलन  तथा प्रहरी, जनप्रतिनीधि, राजनीतिक दल समाजसेवी ,स्वास्थ्यकर्मी र कर्मचारी मार्फत राहत, उद्धार, उपचार र पुनस्थापना गर्ने कार्य तदारुकता साथ सम्पन्न गरिएको छ।  विनाशकारी भुकम्प पश्चात सानीभेरीबासीको जीवन रक्षाका लागि त्रिपाल ७७४१, फेम्ली टेन्ट सेट १२५, म्याट ६९७, पिफम ७० रोल , बलाङकेट ९१५०,सिरक डस्ना ५१६, स्लिपिङ ब्याग २८४२, डोरी ४७५, स्वच्छ झोला २६७, स्वच्छ सामाग्री ५३०, चामल १०३७.२ के.जी, दाल ३२.८ के.जी, तेल १३९४ ली नुन १६.५ के.जी मिकस खाद्यान्न ९७० पोका, चिउरा र भुजा १४७ बोरा, बिस्कुट ११३ पेटि, चाउचाउ २४८ पेटी, ग्यास १००,अस्थायी शौचालय ३०, साबुन २१०,चप्पल जुत्ता ५बोरा लगायतका सामाग्री बिभिन्न संघ संस्था तथा पालिकाको संयुक्त साझेदारीमा वितरण गरिएको छ ।

१८. भुकम्प पश्चात  तत्काल जनतालाई चिसोबाट बचाउन संघीय सरकारको सहयोगमा सानीभेरी गापा भित्र ६३३४ जनताका अस्थायी आवास निर्माण गरिएका छन। पहिलो किस्ता वापतको रु.२५००० दरले सबैको खातामा गैसकेको छ भने दोस्रो

किस्ता वाफतको रु.२५००० का दरले ५६४५ घरपरिवारको बैंक खातामा जाने क्रममा रहेको छ।बिपतमा सिकालाई निरन्तरता दिन विद्यालयहरुमा पालिकाको आफ्नै स्रोत र युनिसेफको सहयोगमा रु.१५०००० बराबरका ४० वटा सिकाई केन्द्रहरु स्थापाना गरिएको छन।विनाशकारी भुकम्पमा परी अकालमा ज्यान गुमाउने १२ जनाका घरपरिवारलाई रु.२२५००० दरले क्रिया खर्च उपलब्ध गराईएको छ।विपदको समयमा संघ र प्रदेश तथा विभिन्न स्थानीय तहहरुको र संघसस्थाको सहयोग साथ र समर्थन अत्यन्त प्रशंसनीय रहेको छ ।

१९. गाउँपालिकाले यो बर्ष ४ वटा ऐन, १० वटा कार्यविधि, १ वटा मापदण्ड अन्य १ वटा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको छ  गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८१ अंक र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मुल्याङ्कनमा ७२ अंक प्राप्त गरेको छ। राजश्व सुधार कार्ययोजना तथा राजस्व परिचालनबाट आन्तरिक आयमा वृद्धि भएको छ।महालेखा परिक्षकको कार्यालयको बार्षिक प्रतिवेदन अनुरुप सानीभेरी गाउँपालिकाको कुल लेखापरिक्षण भएको रकमको १.०४ प्रतिशत मात्र रकम बेरुजु जनाएको छ । यसले पालिकाको आर्थिक अनुशासनको अवस्था प्रष्ट पार्दछ यद्यपी सुधारको प्रक्रिया जारी छ ।

२०. पारदर्शीता जवाफदेहिता प्रवर्धन गर्न सवै वडामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ।पालिकाका हरेक निर्णय प्रक्रिया र काम कारवाही सबैको पहुँचमा पुर्याउन विभिन्न विद्युतीय माध्यमको प्रयोग गरिएको छ।

२१. स्थानीय तहमा रहेका विवादहरु समाधान गर्नका लागि प्रचलित कानुन बमोजिम आफ्नो क्षेत्राधिकार भित्र  न्यायिक समिति सक्रिय छ।सानीभेरी गाउँपालिकाको न्यायिक समिति र यसका न्यायिक अभ्यासहरु उत्कृष्ट भित्र पर्न सफल भएका छन।

२२. सबै वडाहरु सडक सञ्जालले जोडिनु, कृषि क्षेत्रमा सक्रिय जनसंख्या धेरै हुनु, फलफुल र पशुपालन विकासको प्रचुर सम्भावना हुनु ,भाषा, संस्कृति र परम्परागत मौलिकता,विकासमा सबैको ऐक्यबद्धता र प्रतिबद्धता हुनु र पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहनु, तहगत सरकार र विकास साझेदारहरुको चासो र

प्राथमिकता हुनु भुकम्पले क्षतिग्रस्त संरचना पहिले भन्दा अझ बलियो बनाउने**(build back better)** र एकीकृत बस्ती विकास गर्ने पालिकाका लागि ठूलो अवसरका रुपमा रहेको छ

२३. सेवा र विकासमा नागरिकका तीब्र अपेक्षा पूरा गर्नु, विकास प्रक्रियामा सबै नागरिकको सहभागिता सुनिश्चित गर्नु, स्थानीय स्रोत र साधनको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारबीच समन्वय र सहकार्य अभिबृद्धि गर्नु, नागरिकको चेतनास्तरमा अभिबृद्धि गर्नु, समयमै विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नु,सीमित स्रोत एवं साधनबाट आवधिक योजनामा उल्लिखित योजना तथा कार्यक्रमहरुका लागि पर्याप्त स्रोत ब्यबस्थापन गर्नु, प्रविधिमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्नु, महिला हिंसा र विभेदजन्य कार्यहरुलाई पूर्णतः निवारण गर्नु, गाउँपालिकाको आन्तरिक स्रोतको दायरालाई फराकिलो बनाउदै लैजानु भुकम्पबाट क्षति ग्रस्त निजी र सार्वजनिक संरचना समयमै पुनर्निर्माण गर्नु,ठुला ठेक्का आयोजनाहरु समयमै सम्पन्न गर्नु,भुकम्प प्रभावित क्षेत्रमा विभिन्न गैर सरकारी संघ सस्थालाई समन्यायिक रुपले परिचालन गर्नु,पूँजीगत खर्च बृद्धि गर्दै जानु र समावेशी आर्थिक विकास मार्फत रोजगारीका पर्याप्त अवसरहरु सृजना गर्नु हाम्रा सामु चुनौतीका रुपमा रहेका छन्।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

२४. रुकुम पश्चिम जिल्लाको पश्चिम भागमा १३३.३४ बर्ग किमी क्षेत्रफल र २७२०० जनसंख्या रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्च स्तरमा पुर्याई निर्वाचित हुदै गर्दा लिएका संकल्पहरु तथा प्रतिबद्वताहरुको कार्यन्वयन गर्नु अहंम जिम्मेवारी र कर्तब्य हाम्रो सामु रहेको छ। राष्ट्रिय स्तरको १६ औं पञ्चबर्षीय योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना( २०८१/०८२-२०८५/०८६) को " समृद्ध कर्णाली :सुखारी कर्णालीबासी"को सोच र गाउँपालिकाको दोस्रो पञ्चबर्षीय आविधक योजना ( आ.ब.

२०८०।८१- २०८४।८५) को "समृद्ध सानीभेरीबासी सुखी सानीभेरीबासी" भन्ने मुल ध्येका साथ आर्थिक समृद्धि,सामाजिक न्याय, गरिवी निवारण, रोजगारी सिर्जना, उद्यमशिलता विकास र पुननिर्माण मार्फत स्थानीय आबश्यकता, निर्वाचनका समयमा गरिएका प्रतिबद्धताका आधारमा गाउँपालिकाको विकास, सुशासन र समुन्नतिको आधारमा रही आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम गाउँसभा समक्ष राख्न चाहन्छु।

## कृषि प्रणाली र पशुपालनमा सुधारः आर्थिक समृद्धिको आधार

२५. पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताको लागि हरेक वडामा रैथाने बाली प्रर्वद्धन, एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालयमा नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ।अर्गानीक कृषि तथा फलफुलजन्य उत्पादनलाई बढावा दिईनेछ।

२६. स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न कोदो, सिमी, भटमास, कागुनो, माटे, फापर जस्ता बालीहरु उत्पादन वृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

२७. ५०% अनुदानमा कृषकहरुलाई गहूँ, मकै तरकारी तथा मसला बालीको बिउँ र फलफूलका बेर्ना उपलब्ध गराइनेछ।

२८. संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा तथा अन्य निकायको सहकार्यमा अण्डा, मासु र अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भर हुनको लागि प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यन्वयन गर्ने नीति लिइनेछ।

२९. व्यावसायिक रुपमा पशुपालक कृषकहरुलाई फर्म सुदृढीकरण, खोर सुधार र पशुपन्छी पालक कृषकलाई कृषक पाठशाला कार्यक्रम संचालनमा ल्याइनेछ।

३०. स्वस्थ पशुपंन्छी र व्यावसायिक कृषि लाई प्रवर्द्धन गर्न पशु रोग नियन्त्रण र निर्मुलका लागि आवश्यक औषधीहरुको प्रबन्ध मिलाइनेछ।

३१. कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा विक्रिमा आधारित अनुदान कार्यक्रमलाई थप ब्यवस्थित बनाउँदै लगिनेछ। तरकारी र मसलावालीको बिउ उत्पादन गरी निर्यात गर्न प्रोत्साहन गरिनेछ।

३२. कृषक भ्रमण,कृषि मेला प्रदर्शनी, कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। कृषि तथ्याङकलाई थप ब्यवस्थित बनाईनेछ।

३३. सम्भावित क्षेत्र पहिचान गरि आवश्यकतामा आधारित साना सिचाइ ,मझौला सिचाइ, छोटो दुरिका सिँचाई तथा लिफ्टिङ आयोजना कार्यन्वयन गरी सिचाँई सुविधा विस्तार गरिनेछ।

३४. प्राकृतिक विपत्तिबाट हुने कृषिजन्य उपजको क्षति मुल्याङकन गरी राहतको व्यवस्था गरिनेछ।

३५. कृषि बालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि विशेषज्ञ सेवा सहितको रोकथाम तथा नियन्त्रणको उपायको व्यवस्था गरिनेछ।

३६. हाटबजार, संकलन केन्द्र, भण्डार गृह को निर्माणमा आवश्यक पहल गरिनेछ साथै वर्षे तथा हिउदे आलु खेतिलाइ विस्तार गर्दै लगिनेछ।

३७. सानीभेरी गाउँपालिका भित्र स्थापना भएका कृषिजन्य उद्योगहरुलाइ सन्चालनमा ल्याइनेछ।

३८. पोषण मैत्री गाउँपालीका घोषणा गर्नको लागी एक घर एक घरबारी ( रैथाने बाली , पोष्टिक युक्त खानेकुरा उपभोग गर्ने घरधुरी, खाद्य स्वच्छता र गुणस्तर परिक्षणको बजार अनुगमन) कार्यक्रम प्रभावकारी ढङ्गले संचालन गरिनेछ।

३९. कृषि तथा पशु प्राविधिक शिक्षा अध्ययन गरि बेरोजगार बसेका प्राविधिकहरुलाई स्वरोजगार बनाउन उत्पादन तथा कृषि व्यवसाय संग जोडन कार्यक्रम संचालन गरिनेछ।

४०. पशु उपचारलाइ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा औषधीको व्यवस्था गर्दै लगिनेछ र परम्परागत पशुपालनलाइ व्यावसायिकरण गरी उत्पादनमा बृद्धि गर्दै लगिनेछ।

४१. नश्ल सुधारकालागि बोयर बोका वितरण तथा कृत्रिम गर्भाधानलाइ विस्तार गर्दै लगिनेछ।

४२. उन्नत जातका भुइ तथा डाले घाँस विस्तार गर्नुका साथै हरियाली सडक बनाउन घाँस खेति गर्न प्रोत्साहन गरिनेछ।

४३. पशुपन्छीको महामारी बाट हुने क्षति न्युनिकरण गर्न पशु स्वास्थ्य शिविर, घरदैलो बन्ध्याकरण शिविर ,बाझोपन सम्बन्धी शिविर, गाउँघरमा पशु स्वास्थ्य क्लिनिक सन्चालन गर्दै लगिनेछ।

४४. परजिवी नियन्त्रणको लागि प्रत्येक वडामा डिपिङ ट्याङक निर्माण गरी सन्चालन तथा व्यवस्थापन गरिनेछ।

४५. पशुपन्छी तथ्याङक संकलन तथा व्यवस्थापन गर्दै पशु सेवा प्रोफाइल तयार तथा प्रकाशन गरिनेछ।

४६. पशुपन्छी विमालाइ प्रभावकारी बनाउन लागत साझेदारी गर्ने पशुविमा तथा दावी भुक्तानीलाइ सहजिकरण गरिनेछ। पशु मेला प्रर्दशनी, कृषक पुरस्कार तथा प्रोत्साहन दिने व्यवस्था गरिनेछ।

४७. डेरि पसल ,मासु पसल, एग्रोभेट,डेरी उद्योगको नियमित अनुगमन गर्दै उपभोक्ताको अधिकार सुनिश्चित गरिनेछ साथै मर्मत सुधारका कार्यक्रम सन्चालन गरिनेछ। लोकल कुखुरा, बाख्रापालन, बट्टाई, भैसीपालन, कालिजपालन प्रवर्द्धनको लागि नयाँ उद्यमी युवाहरुलाई प्रोत्साहन गरिनेछ।

४८. गाइभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमलाइ परिमार्जन गरिनेछ। एक वडा एक पशु प्राविधिकको क्रमश व्यवस्था गर्दै लगिनेछ।जुनोटिक रोग सम्बन्धी जनचेतना फैलाउन स्कुल प्रसार शिक्षा सन्चालन गरिनेछ।

४९. ब्ययवसायिक रुपमा उत्पादन गर्दै आएका कृषि तथा पशु फर्महरुलाई उत्पादन/संख्याको आधारमा मापदण्ड निर्माण गरि प्रोत्साहन को व्यवस्था मिलाईने छ।

५०. कृषि तथा पशुपालन ब्यवसाय प्रर्धनका लागि चिलिङ भ्याट सहितको पुर्वाधा निर्माण सम्पन्न गरिने छ ।

## लघु उद्यमको विस्तारः घर-घरमा स्वरोजगार

५१. व्यावसायिक सीप विकासमार्फत पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा लघु उद्यमी सृजना गरी आवश्यकता र पहिचानका

आधारमा सीप विकास तथा प्रविधि हस्तान्तरण गरिनेछ। यसबाट उद्यमशीलताको विकास तथा प्रवर्द्धनमा टेवा पुग्नेछ।

५२. लघु उद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चालन गर्न चाहने उद्यमीका लागि मागमा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५३. उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धनमा युवाहरुलाई प्राथमिकता दिइने नीति अबलम्बन गरिनेछ।

## सानीभेरीको पहिचानः दीगो र विविधतायुक्त पर्यटन

५४. दीगो पर्यटन विकासका लागि गुरुयोजना बमोजिम पर्यटकीय क्षेत्रहरुको पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ।

५५. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

५६. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकतता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि छिमेकी पालिका तथा निजी क्षेत्रसंग साझेदारी एवं सहकार्य गरिनेछ।

५७. मौराखारामा पर्यटकीय पूर्वाधारहरु निर्माण र भेरी दह,मालिका पहाड, दहनेटा तथा रिम्ना दोभानलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न पहल गरिनेछ।

५८. सानीभेरीको वडा नं.३ मा कमैदे होमस्टे निर्माण तथा टाकुरा पर्यटनमा जोड दिईनेछ ।

## सहकारीताको विकासः व्यावसायिकता, आत्मनिर्भरता र उद्यमशीलता प्रवर्द्धन

५९. सहकारी क्षेत्रमा देखिएका समस्याहरु, जोखिमको अवस्था, बित्तीय सुशासन र पूंजी परिचालन लगायतका पक्षहरुमा गाउँपालिकामा दर्ता भएका सबै सहकारीहरुको अनुगमन र मूल्याङ्कन गरिनेछ। चल्न नसक्ने र खराब कर्जा भएका सहकारीहरुलाई विस्तारै खारेजी र बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।

६०. सहकारीमा आवद्ध पदाधिकारीहरुलाई तालिम तथा प्रशिक्षण गरिनेछ।

६१. कृषि तथा पशुमा आधारित सहकारी संस्थाहरुलाई कृषि तथा पशु उत्पादन बृद्धि गर्न प्रोत्साहित गरिनेछ।

६२. सम्पुर्ण सहकारीलाइ उत्पादन र बजारीकरणको व्यवस्था गर्ने वातावरण मिलाइनेछ।

६३. सहकारी क्षेत्रको खराब कर्जा नियमित तथा असुल गरी स्वस्थ तथा सुशासनयुक्त सहकारी बन्न प्रोत्साहन गरिनेछ।

६४. सहकारी संस्थाहरु अनिवार्य रुपमा सहकारी तथा गरिवी सम्बन्धी ब्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुनुपर्ने ब्यवस्था गरिनेछ ।

६५. कृषि समूह र सहकारीको समन्वयमा एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यन्वयन गरिने छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## <u>समाज रुपान्तरणको आधार :गुणस्तरीय, बालमैत्री र प्रविधियुक्त शिक्षा</u>

६६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न क्षमता विकास तालिम, अन्तरक्रिया, अभिभावक शिक्षा लगायतका कार्यक्रमहरु साथै कक्षा १ देखि ९ सम्म प्रश्नपत्रमा एकरुपता कायम गर्नुका साथै कक्षा ८ र कक्षा ५ को स्तरीकृत परिक्षा सन्चालन गरिनेछ। विद्यालय तथा शिक्षक लक्षित पुरुस्कार र दण्डको नीति अबलम्बन गरिनेछ।

६७. प्रधानाध्यापकहरुलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र ब्यबस्थापकीय सुधारका लागि प्रधानाध्यापकसंग कार्यसम्पादन करार सम्झौता गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरी विद्यालय शिक्षा सुधार तथा गुणस्तर अभिवृद्धि गरिनेछ।

६८. विद्यालयहरुमा **साथीबाट सिक्ने साथीलाई सिक्नेःसंगै बस्ने एक अर्काबाट सिक्ने** स्वचालित प्रणालिको विकासका लागि सरकार,शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तर्क्रिया सम्पन्न गरिनेछ ।**अतिथि शिक्षक शिक्षण** गर्नका लागि बिज्ञ समूह र ब्यक्तिलाई आमन्त्रण गरिनेछ ।

६९. बिद्यालयमा डिजिटल शैक्षिक सामग्रीहरु, बिज्ञान प्रयोगशाला नभएका विद्यालयहरुमा प्रयोगशाला स्थापना, विद्यालयका शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम र प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनमा जोड दिइनेछ।

७०. प्रधानाध्यापकहरुलाई नेतृत्व विकास र उत्प्रेरणा अभिवृद्धिका कार्यक्रमहरुबाट क्षमता अभिवृद्धि गरिनेछ।

७१. शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक पुस्तकालय ब्यबस्थापन गरी सिकाइ र सूचना केन्द्रको रुपमा सामुदायिक सिकाइ केन्द्रहरुलाई ब्यबस्थित गरिनेछ।

७२. शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधि मार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माणका साथै विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।

७३. आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९- १० मा अग्रेजी, गणित र विज्ञान विषयको पठनपाठनका लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ।

७४. कक्षा ८ र १० को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने २ वटा विद्यालयहरुलाई पुरुस्कारको ब्यबस्था मिलाइनेछ। त्यस्तै, उत्कृष्ट कार्यसम्पादन हासिल गर्ने ११ जना प्रधानाध्यापक र शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

७५. नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा Big School को अवधारणालाई विस्तारै कार्यान्वयनमा ल्याइनेछ।

७६. सामुदायिक विद्यालयमा निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, छात्राहरुका लागि स्यानिटरी प्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गरिनेछ।

७७. विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री, सूचनामैत्री तथा भूकम्प प्रतिरोधी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

७८. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई निरन्तरता तथा सबै विद्यालयहरुमा विस्तार गरिनेछ।

७९. उच्च शिक्षा अध्ययन तथा अन्य छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८०. शिक्षकको शिक्षणमा सुधार र निरन्तर पेसागत सहायताको लागि कक्षा अवलोकन र शिक्षक मेन्टरिङ कार्यलाई सबै विद्यालयहरुमा विस्तार गरिनेछ।

८१. विद्यालयको प्रशासनिक र प्राविधिक अनुगमनलाई शैक्षिक गुणस्तर अभिवृद्धि सँग तादात्म्य कायम गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

८२. मागमा आधारित तालिम र विषयगत शिक्षक तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।आधारभुत तहको स्थानीय पाठ्यपुस्तक निर्माण गरिनेछ।

८३. विद्यार्थी अनुपात र विषयगत मागका आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ।

८४. शिक्षकलाई नयाँ क्षेत्रको अनुभव हाँसिल र अनुभव आदानप्रदानको लागि गाउँपालिका भित्रका विद्यालयहरुमा शैक्षिक सत्रको सुरुमा सरुवा गर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ।

८५. एक वडा-एक माध्यमिक विद्यालयको अवधारणालाई आवश्यकताको आधारमा कडाई पुर्वक कार्यान्वयनमा ल्याइनेछ।सानीभेरी गाउँपालिका शैक्षिक सुधार कार्यदलको प्रतिवेदन कार्यन्वयन गर्दा घटुवा हुन पुगेका भौगोलिक दुरीका हिसाबले टाढाका विद्यालयहरुमा रहेका ९-१० विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी छात्रबृत्तिको ब्यवस्था गरिनेछ ।

८६. शिक्षकको कार्यसम्पादनलाई वृत्ति विकास सँग आवद्ध गरी उपयुक्त दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ।

८७. गाउँपालिका भित्र सवारी साधनको सुविधासहितको एक वटा आवासीय माध्यमिक विद्यालय सञ्चालनमा जोड दिईनेछ।

८८. विद्यालयको सिर्जनात्मक क्षमताको विकासको लागि गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।विद्यार्थी, युवा तथा खेलाडीको लागि सहयोग, सम्मान, क्षमता अभिवृद्धि तथा परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ। स्काउट, रेडक्रस, NCC कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८९. उच्च शिक्षा तर्फ प्राविधिक धारको शिक्षा सञ्चालनको लागि सङ्घीय सरकार तथा विश्वविद्यालयसँग आवश्यक सहकार्य गरिनेछ।विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरिनेछ।प्रधानाध्यापकको पद आवधिक बनाइनेछ।

९०. शिक्षकको विषयगत ज्ञान, सिपको अभिवृद्धि र असल अभ्यासको स्थानान्तरणको लागि गाउँपालिका स्तरमा विषयगत शिक्षकहरुको समूह निर्माण गरी त्यसको क्षमता वृद्धि गरिनेछ।

९१. विद्यालय तथा शिक्षकको स्वमूल्याङ्कनको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

९२. Digital Monitoring System लाई परीक्षणको रुपमा सबै माध्यमिक विद्यालयहरुमा कार्यान्वयन गर्न जोड गरिनेछ।

९३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारिलाई शिक्षासँग सम्बन्धित तथा प्रचलित कानूनले निर्धारण गरेका विषय बाहेक अन्य सङ्घ संस्था तथा समितिमा आबद्ध हुने कार्यलाई रोकिनेछ।

९४. भुकम्प प्रभावित विद्यालयहरुमा भवन ,शौचालय निर्माण तथा कक्षा कोठा व्यवस्थापन गरी भुकम्प प्रतिरोधी संरचना निर्माण गर्न संघ प्रदेश सरकार तथा विभिन्न गैरसरकारी संघ संस्थाको सहयोगमा पहिले भन्दा अझ बलियो हुने गरी पुननिर्माण गरिनेछ ।

## हाम्रो स्वास्थ्यः हाम्रै हातमा

९५. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, संस्थागत प्रणालीमा सुदृढीकरण, स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण,स्वास्थ्यकर्मीको ब्यबस्था र तालिम तथा क्षमता विकासबाट स्वास्थ्य सुविधा सम्बन्धी पहुँचमा विशेष जोड दिइनेछ।

९६. पुर्ण खोप सुनिश्चतता र यसको दिगोपना बचाईराख्न **खोज र खोप** अभियानलाई ११ वटै वडामा ब्यवस्थित रुपमा संचालन गरिनेछ । खोप कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

९७. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम् सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ। पोषण स्वास्थ्यमा सुधार, ६८ बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घर- घरमा स्वास्थ्य सेवा, दीर्घ रोगीहरुलाई निशुल्क औषधी वितरण र स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने सबै सुत्केरी महिलाहरुलाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ।घरमा सुत्केरी हुने /गराउने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

९८. गाउँपालिका सामुदायिक स्वास्थ्य इकाइहरु सञ्चालनको लागि कार्यविधि तर्जुमा गरिनेछ।

९९. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चितताको लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यन्वयन गर्न संघ, प्रदेश र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

१००. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०१. गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगतमा अपनाइको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रसुति चेकजाँच र रेफरका लागि निशुल्क एम्बुलेन्स सेवा र पोषण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. बेल्टापु प्राथामिक आँखा उपचार केन्द्रलाई साधन स्रोतले सम्पन्न बनाइ आँखा सम्बन्धी रोगहरुको उपचार गर्ने ब्यबस्था मिलाइनेछ।

१०३. महिला स्वयंसेविकाहरुको दक्षता विकास गर्न तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१०४. शहिदहरुका सन्तती, जनयुद्धका घाईते, सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१०५. संघ, प्रदेश सरकार र गैर सरकारी संस्थाको साझेदारीमा आगामी २ बर्षभित्र सबै वडाका आधारभुत स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिनेछ।

१०६. पोषणमैत्री सानीभेरी गाउँपालिका घोषणा गर्न प्रत्येक वडामा पोषण सुधारका कार्यक्रम लागु गरिनेछ।पोषणलाइ आय आर्जन कार्यक्रम संग एकाकार गरिनेछ।बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी आमाहरुको पोषण अवस्थामा सुधार गर्न सुत्केरी पोषण कोशेली कार्यक्रमलाई ब्यवस्थित बनाईनेछ ।

१०७. बढ्दै गएको नैराश्यता दिग्दारीपन नकरात्मक सोच अन्त्य गर्दै स्वस्थ समाजको विकास गर्न मनोसामाजिक परामर्शका कार्यक्रमलाइ यस वर्ष भुकम्प प्रभावित वडा तथा स्थानमा थप केन्द्रित गरिनेछ।

१०८. सानीभेरी गाउँपालिका अस्पत्ताल आगामी आ.व. मा निर्माण सम्पन्न गरि नयाँ भवनबाटै २४ सै घन्टा स्वास्थ्य सेवा सुचारु हुने ब्यवस्था मिलाईनेछ।

१०९. गरिव तथा विपन्न नागरिकलाइ स्वास्थ्य विमा निशुल्क गरिनेछ।नागरिक उपचार सहायता कार्यक्रमलाइ कार्यविधि बनाइ थप ब्यवस्थित गरिनेछ।सुरक्षित मातृत्व र नवजात शिशु स्याहार कार्यक्रमलाइ थप प्रभावकारी बनाइ लागु गरिनेछ।

११०. रेविज रोग विरुद्धको खोप पचास प्रतिशत छुटमा सानीभेरी गाउँपालिका अस्पत्तालबाट उपलब्ध गराइनेछ। गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत विशेष प्रोत्साहन उपलब्ध गराइनेछ।

१११. विश्वविद्यालयका प्रध्यापक तथा अन्य विज्ञको सहयोगमा सानीभेरीको शिक्षा र स्वास्थ्य क्षेत्रको विस्तृत अध्ययन गरी सुधारका उपाय पेश गर्न कार्यदल गठन गरिने छ।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## सूचनामा पहुँचः पारदर्शितामा अभिवृद्धि

११२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

११३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि पालिका बनाइनेछ।

११४. सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय ,वडाकार्यालय,स्वास्थ्य संस्था,विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच विस्तार गरी प्रविधिमैत्री बनाइनेछ।वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिर जडानको नीति लिइनेछ।

११५. सानीभेरी गाउँपालिकाको विकास सुशासन र समृद्धिको क्षेत्रमा विशेष योगदान गर्ने संचारकर्मीलाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ।Cyber सुरक्षा सम्बन्धि जनचेतना बढाउने कार्यक्रम संचालन गरिने छ।स्थानीय रेडियो मौराखाराको क्षमता विकास गर्दै लगिनेछ ।

## सुरक्षित खानेपानी, पूर्ण सरसफाईयुक्त गाउँपालिकाःहाम्रो अभियान

१२०. खानेपानी सरसफाई तथा स्वच्छता(खासस्व) सम्वन्धी नीति तयार गरी लागु गरिनेछ ।

१२१. खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।आधारभुत स्तरको खानेपानीको गुणस्तर परिक्षण गरिनेछ ।शुद्ध खानेपानी प्रयोग गर्ने सुनिश्चिताका लागि **मुहानदेखिःमुखसम्म सुरक्षित खानेपानी** सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।

१२२. पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि सबै बस्ती र टोलहरुमा महिनाको एक दिन स्वयंसेवी रुपमा सरसफाई अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ।

१२३. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर बर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका  साथै फोहरको पुनः प्रयोग तथा आफूले गरेको फोहरको ब्यबस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लागि थप शुल्क व्यहोर्नुपर्ने नीति अबलम्बन गरिनेछ।

१२४. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा गाउँघरमा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

१२५. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि गाउँपालिका भित्र रहेका अधुरा खानेपानी योजना पुरा गरिने छ। वास रिकभरी कार्यक्रम अन्तर्गत प्रत्येक वडामा एक/ एक वटा खानेपानी आयोजनाहरु निर्माण सम्पन्न गरिने छ ।

१२६. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका  पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

१२७. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१२८. बजार ब्यवस्थापन  समिती  र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१२९. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१३०. खानेपानीका क्षेत्रमा खानेपानी गुरु योजना WASH PLAN  दिगो खानेपानी तथा सरसफाई कार्यक्रम  अन्तर्गतक एक घर एक धाराको निर्माणको कार्यक्रमलाई सुस्वा संग लागत साझेदारीमा सम्पन्न गरिनेछ।यस कार्यक्रम अन्तर्गत जीर्ण खानेपानी आयोजनाहरुको मर्मत सम्भार र नयाँ खानेपानी आयोजनाहरुको निर्माण गरिनेछ।खानेपानीका मुहान संरक्षण गर्न वृक्षारोपणमा जोड दिइनेछ।

१३१. आगामी आवमा फोहोर बिसर्जनका लागि स्यानीटरी ल्यान्डफिल साइट निर्माण गर्न संघ र प्रदेश सरकार संग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

## लिङ्गीय भेदभाव र महिला हिंसामुक्त गाउँघरः सामाजिक न्याय, समानता र शोषणमुक्त समाज निर्माणको आधार

१३३. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैङ्गिक समता, समानता, शसक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

१३४. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक क्षमता विकासका हरेक चरणमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ।

१३५. समाजमा रहेका बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा जस्ता सामाजिक कुसंस्कारका विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

१३६. सामाजिक रुपमा बहिष्करण, बञ्चितीकरण र पछाडि परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा ल्याइनेछ।

१३७. सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरुलाई अन्तरसम्बन्धित बनाइ सञ्चालनमा ल्याइनेछ। लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१३८. दलित महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि आयआर्जन तथा जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ।

१३९. भौतिक पुर्वाधार तथा अन्य विकासका कार्यक्रमहरुमा सामाजिक उत्तरदायित्व पुरा गर्न टोल विकास संस्थाहरु गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१४०. **“हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान”** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१४१. सुनौलो हजार दिनका महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नती गर्दै लगिनेछ।

१४२. गाउँपालिकाका सबै वडालाइ क्रमश बालमैत्री वडा घोषणा गर्ने नीति अबलम्बन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समतामूलक पहुँच र सहभागितामा जोड दिइनेछ।

१४३. बालविवाह अन्त्य गर्न अभियानकै रुपमा कार्यक्रम संचालन गरिने छ।महिला संग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी रुपमा लागु गरिने छ।विहे नगरि ४० वर्ष पुरा भएका एकल महिलालाई यस अघिको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

१४४. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको व्यवस्था गरिनेछ।

१४५. दलितहरुको हकहित संरक्षण गर्न दलित विकास मन्च,दलित निगरानी संस्था जस्ता समन्वयकारी निकाय स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१४६. महिला तथा किशोरकिशोरीहरुका लागि आधारभुत स्तरको सरसफाई तथा मर्यादित महिनावारी सम्बन्धी विभिन्न कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरिनेछ ।

१४७. गर्भवती महिला सुत्केरी अपाङ्गता भएका ब्यक्ति दिर्घ रोगी जेष्ठ नागरिक एकल महिला र पुरुष ५२० जनालाई आर्थिक सहायता प्रदान गरिनेछ ।२ बर्ष मुनिका बालबालिका र ६ महिना मुनिका सुत्केरी ६५० जनालाई रु.१० हजारका दरले आर्थिक सहायता प्रदान गरिने छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## मौलिक कला संस्कृतिको प्रवर्द्धन अभियानः सानीभेरीको पहिचान

१४८. स्थानीय कला, साहित्य,संगीत, परम्परागत संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४९. लोप हुन लागेका स्थानीय संस्कृतिको संरक्षण तथा जगेर्नाका लागि समाजमा रहेका ज्येष्ठ नागरिकहरुबाट पुस्तान्तरण गर्न युवाहरुलाई परिचालन गरिनेछ।

१५०. गाउँपालिकाको वडा नं ७ छोटेवगरमा निर्माणाधिन सहिद स्मृति पार्क,युद्ध सङग्रालयलाई गाउँपालिका भित्रको पौराणिक कला ,भेषभुषा,मौलिकता साथै जनयुद्धमा प्रयोग भएका युद्ध सामाग्रीहरु संकलन गरि संग्रालय स्थापना गर्ने नीति लिईनेछ।

१५१. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रस्तुत गरिनेछ। सास्कृतिक सम्मेलन आयोजना गरी सानीभेरीबाट कला साहित्य र संगीत क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टालाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ।पुराना मठ मन्दिर तथा ऐतिहासिक स्थानलाई संरक्षण गरिने छ। विद्यालयमा संस्कार र संस्कृतिक सम्वन्धी शिक्षा तथा चेतनाको अभिवृद्धी गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

## युवाहरुमा सकारात्मक सोच र सृजनशीलताः स्वस्थ्य समाज निर्माणमा युवाहरुको सहभागिता

१५२. युवाहरुसंग स्थानीय तह कार्यक्रम, युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी कार्यक्रम र सीप तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. युवामैत्री स्थानीय शासन प्रवर्द्धनका लागि युवा तथा खेलकुद विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५४. युवाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु विकास गरिनेछ।क्रिकेट र फुटबल विधाका खेलमा खेलाडी उत्पादन गर्न गाउँपालिका खेलकुद विकास समितिलाई अभिप्रेरित गरिनेछ ।

१५५. माध्यमिक स्तरका बालबालिकाहरुको सहभागितामा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

१५६. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सानीभेरी गाउँपालिका विजयी हुने गरी तयारी गर्न विभिन्न खेलकुद कार्यक्रमहरु विद्यालय स्तरमा संचालन गरिनेछ।

१५७. **श्रमको सम्मान सानीभेरीको अभियान** कार्यक्रम अन्तर्गत सानीभेरी भित्रका युवाहरुलाई विभिन्न सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५८. बैदेशिक रोजगारीलाई ब्यवस्थित बनाउन पालिकाको रोजगार सेवा केन्द्र मार्फत आवश्यक समन्वय र सहजीकरण गरिनेछ। लोकसेवा,शिक्षक सेवा आयोग जस्ता प्रतिस्पर्धात्मक परिक्षाका लागि तयारी कक्षा संचालनको ब्यवस्था गरिने छ ।

१५९. मुख्यमन्त्री र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो,प्रतिफल दिने र काम देखीने क्षेत्रमा केन्द्रित गरिने छ ।यस कार्यक्रम अन्तर्गत २५७ जनालाई न्युनतम १०० दिनको रोजगारी प्रदान गरिने छ ।

१६०. पालिकामा कार्यरत करार कर्मचारी तथा अन्य संगठित र असंगठित क्षेत्रका कामदारहरुलाई नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

१६१. कामका लागि नगद कार्यक्रम सन्चालन गरिनेछ ।उक्त कार्यक्रम अन्तर्गत ७०० जनालाई ४० दिनको रोजगारी प्रदान गरिनेछ । बोलिखाने भन्दा गरिखाने सिपयुक्त जनशक्ति तयार पार्न ८० जनालाई मागमा आधारित सिप विकास तालिम प्रदान गरिनेछ ।

## <u>सानीभेरी विकासको आधारः गुणस्तरीय, दीगो र वातावरणमैत्री पूर्वाधार</u>

१६२. गाउँपालिकाको दोस्रो आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।

१६३. गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने,पालिकाबासीहरुको जीवनस्तर उकास्ने  र दीर्घकालीन रुपमा आय वृद्धि गर्ने खालका आयोजनाहरु स्रोत साधन र क्षमताको आधारमा क्रमशः कार्यन्वयनमा प्राथमिकता दिइनेछ।

१६४. गाउँपालिकाको भवन र सडक गुरुयोजना अनुरुप सार्वजनिक भवनहरु निर्माणका साथै सडक यातायात नपुगेका बस्तीहरुमा वातावरणीय प्रभाव परीक्षण तथा मूल्याङ्कनका आधारमा नयाँ सडकहरु निर्माण तथा स्तरोन्नति कार्य गरिनेछ।

१६५. सार्वजनिक भवन तथा सडकहरु निर्माण गर्दा पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजनाहरु लागत एवं लाभको विश्लेषणको आधारमा निर्माण कार्यमा जोड दिइनेछ।

१६६. संघ तथा प्रदेश सरकारसंग समन्वय गरी रणनीतिक महत्वका झोलुङ्गे पुलहरु निर्माण र आवश्यकताका आधारमा नयाँ स्थानहरुका झोलुङ्गे पुलहरु निर्माण तथा जीर्ण अबस्थामा रहेका पुलहरु मर्मत गरिनेछ।

१६७. बाक्ला बस्तीहरु भएको स्थानहरुमा सडक, सार्वजनिक शौचालय, फोहर ब्यबस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ।

१६८. विद्युतको पहुँच नपुगेका घरधुरीहरुमा उर्जामा पहुँच सुनश्चिताका लागि नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम वितरण केन्द्रको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ। सार्वजनिक निकायहरुमा वैकल्पिक उर्जा केन्द्रसंग पहल गरी सौर्य उर्जा प्रणाली जडानलाई प्राथमिकता दिइनेछ।

१६९. तहगत समन्वय, सहकार्य र साझेदारी मार्फता सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चिताका लागि आवश्यक पहल गरिनेछ।

१७०. गाउँपालिकाका सवै वडाहरुमा फाइबर इन्टरनेट  सेवा पुर्याइनेछ।

१७१. पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दीगो  एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ।

१७२. दोस्रो आवधिक पञ्चबर्षीय योजनाको आयोजना बैंकमा रहेका पूर्वाधार योजनाहरु कार्यन्वयनमा पहिलो प्राथमिकता(P1)मा राखिनेछ।

१७३. सानीभेरी गाउँपालिका भवन निर्माण कार्यविधि २०८० पुर्ण रुपमा लागु गरिने छ।

१७४. विगत देखिका भौतिक पुर्वाधारका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१७५. भुकम्प पछि पुनः निर्माणमा गाउँपालिका भित्रका सिकर्मी डकर्मी लाइ सरकारी तथा गैर सरकारी संस्था मार्फत दक्ष कामदारका रुपमा विकास गर्न तालिमको ब्यवस्था गरिनेछ।

१७६. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ। उपभोक्ता समितिलाई आफ्ना सन्निकटताका आयोजनाहरु आफै मर्मत सम्भार गर्न प्रोत्साहन गरिनेछ ।

१७७. सानीभेरी -३ स्थित निर्माणाधिन बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट संचालनमा ल्याइनेछ।

१७८. स्थानीय सडक पुर्वाधार बाह्रै महिना संचालन गर्न स्थानीय स्रोत साधनको उपयोग गरी ग्राभेल गर्ने नीति लिइनेछ।

१७९. हाल निर्माणाधीन रहेका झोलुङ्गे पुलहरु आगामी आ.ब मा निर्माण सम्पन्न गरिनेछ र नयाँ झोलुङ्गे पुलहरु निर्माण गर्न संघ र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ। झोलुङ्गे पुलहरुको नियमित संरक्षण तथा सम्भारका लागि प्रत्येक झोपुहरुमा झोपु संरक्षकको ब्यबस्था मिलाइनेछ। भेरी नदी माथिको चाईनाबगर जाजरकोट जोडने झोलुङ्गे पुलको मर्मत सम्भारका लागि आवश्यक पहल गरिनेछ ।

१८०. रिम्ना गाराघाट क्षेत्रीय सडक र झुलनेटा अर्मा सिम्ली गरायाला घापाघार क्षेत्रीय सडक संघ र प्रदेश सरकारसंग सहकार्य गरी स्तरन्नोती गरिनेछ।

१८१. सानीभेरी गाउँपालिका भित्रका गाउँपालिका केन्द्र देखी वडा केन्द्र जोड्ने मुख्य सडकको संघ र प्रदेश सरकारको सहयोगमा स्तन्नोति गरिनेछ।

१८२. सानीभेरी गाउँपालिका भित्रको मध्यपहाडी सडकमा रहेको पहिरो हटाउन सम्वन्धित निकायसंग आवश्यक पहल गरिनेछ। साथै अन्य सडकको नियमित मर्मत सम्भार गरिनेछ।

१८३. बढ्दै गएको अपराधिक क्रियाकलाप नियन्त्रण गर्न मुख्य बजार क्षेत्रमा सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ।

१८४. निर्माण हुन बाँकी रहेका वडा कार्यालयहरु प्रदेश सरकारसंगको साझेदारीमा निर्माण सम्पन गरिनेछ।

१८५. भुकम्प पश्चात पुननिर्माण हुने निजी आवासमा घर पुर्ण क्षति भएका नागरिक, विपन्न नागरिक, एकल महिला, दलित समुदायलाई पहिलो प्राथमिकता दिईनेछ ।

१८६. उपभोक्ता समितिका ३ लाख भन्दा मुनिका आयोजनाहरुमा धरौटी रकम कट्टा नगर्ने नीति अबलम्बन गरिने छ ।आगामी २ बर्षभित्र सबै बस्ती र टोललाई सडकको पहुँचमा पुर्याईने छ ।

१८७. **सिम्ली** -घन्ठाना, **सिम्ली** -काफलबोट, **सिम्ली** -मेलचौर -घापाघार, **सिम्ली**- रिम्ना सडकलाई बाह्रै महिना सुचारु हुने गरी स्तोरोन्नतिको कार्य यथासक्य प्रदेश र संघ सरकारको सहयोगमा सम्पन्न गरिनेछ ।

## <u>वातावरण संरक्षण र विपत ब्यवस्थापनमा हामी सबैको सहभागिताः</u>
## <u>जलबायू अनुकुलन उत्पादन, विकास र उपभोगमा सृजनशीलता</u>

१८८. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसंगको समन्वय र सहकार्यमा निजी वन ब्यबस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक बन संरक्षण, बनजंगल संरक्षण र बाझो जग्गा तथा नदी उकासको जमिनमा बृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१८९. विकास आयोजनाहरु सडक,भवन, खानेपानी, सिंचाइ,पुलपुलेसा निर्माण गर्दा मासिन गएका रुखहरुको स्थानमा बोटबिरुवा वृक्षारोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ।

१९०. बनजङ्गलमा क्षति पुर्याउने खालका गतिबिधिहरु जस्तोः- आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावरहरुको चोरी निकासी गर्नेलाई कानुन बमोजिम क्षतिपूरण गराउने ब्यबस्था कडाईका साथ लागु गरिनेछ।

१९१. **एक ब्यक्ति एक रुख रोप्ने** कार्यलाई अभियानमा रुपमा वडा र टोलस्तरमा सञ्चालन गरिनेछ।

१९२. नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर एक फलफूल विस्तार, झाडी बुट्टयान र वन नभएका क्षेत्रमा उपयोगी बिरुवा रोपण र औषधीजन्य बहुउपयोगी वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ।

१९३. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिई जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायू अनुकुलन मार्फत पर्यापर्यटनमा जोड दिइनेछ।

१९४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन अनुकूलन योजना तथा कार्यक्रम समुदायस्तरमा सञ्चालन गर्न स्वयंसेवक जनशक्ति परिचालन गरिनेछ। विपद्को समयमा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखी सचेतनामूलक सन्देश, सूचना सामग्रीहरु स्थानीय भाषामा समेत सम्प्रेषण गरिनेछ।

१९५. प्राकृतिक प्रकोषका कारण उद्दार, राहत तथा जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोष ब्यबस्थापन कोषलाई उपयोगमा ल्याइनेछ। खोज, उद्दार, राहत, पुनस्थापना कार्यलाई योजनाबद्ध रुपमा व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अबस्थामा राखिनुका साथै आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ।भुकम्पले धाझा फाटेको जमिनमा बसोबास गरिरहेका नागरिकहरुलाई मनसुनजन्य विपदबाट जोगाउन सुरक्षित स्थानमा स्तानान्तरणका लागि पहल गरिनेछ ।

१९६. विकासका हरेक कार्यलाई विपद् जोखिम आंकलन गरेर प्रकोप न्युनकीकरका माध्यमबाट कार्यन्वयन गर्नुपर्ने नीति कार्यन्वयनमा ल्याइनेछ।

१९७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१९८. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

१९९. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ।

२००. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना कार्यन्वयन गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ।

२०१. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२०२. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई कडाईका साथ कार्यन्वयन गरिनेछ।

२०३. भुकम्प बाट क्षति भएका घरहरु, विद्यालय भवन ,खानेपानी सिचाई पुनः निर्माणको लागि संघ तथा प्रदेश सरकार ,विभिन्न सरकारी ,गैरसरकारी सँघसस्था संग मिलेर पुनः निर्माण कार्यलाई प्राथमिकता दिईने छ।संघीय सरकारको सहयोगमा आगामी २ बर्ष भित्र पुननिर्माण सम्पन्न गरिनेछ ।

२०४. स्थानीय प्रकोप ब्यवस्थापन कोषलाई बलियो बनाउन ब्यक्ति, समूह, फर्म ,सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ सस्थालाई आह्वान गरिनेछ ।

२०५. लोपउन्मुख जडीबुटी ,चुत्रो, मचाइनो, ऐसेलु , निउरो, सतुवा ,पाँचऔले ,चिराइतो, पाखनवेत, पदमचाल्नु लगायतका जडीवुडी संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ।

२०६. जलउत्पन्न प्रकोप नियन्त्रण तथा तटबन्धन कार्यक्रमलाइ संघ तथा प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइनेछ।ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाइ विशेष जोड दिइनेछ।

२०७. सामुदायिक वनको कुल आम्दानीको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक आयको रुपमा ल्याइनेछ।

२०८. सानीभेरी नदीमा देखीने वेवारिसे लास र आकस्मिक दुर्घटनामा ज्यान गुमाउने नागरिकहरुको पहिचानका गर्न गरिने मृत शरिर परिक्षणका लागी निशुल्क यातायातको ब्यवस्था गरिनेछ।

२०९. भुकम्पबाट क्षतिग्रस्त संरचनाको सम्भव हुने र सुरक्षित हुनसक्ने सम्भावना भएमा प्रबलीकरणमा समेत जोड दिईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## सेवा प्रवाह, विकास ब्यबस्थापन र कानुनको शासनप्रतिको प्रतिबद्धताः सुशासन प्रवर्द्धनमा हामी सबैको ऐक्यबद्धता

२१०. वडा कार्यालबाट गरिने सिफारिस,आयोजनाहरुको सम्झौता तथा विल भुक्तानी ,उद्योग, वाणिज्य, समूह, संस्था र निजी फर्महरुको दर्ता, नवीकरण, संसोधन र खारेजी जस्ता कार्यलाई स्वःचालन (AUTOMATION) प्रणालीको प्रयोग मार्फत प्रविधिमैत्री बनाईने छ ।

२११. सार्वजनिक सेवा प्रवाह विकास र अन्य क्षेत्रमा हुने कामको दोहोरोपनालाइ क्रमश अन्त्य गर्दै लगिनेछ।

२१२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

२१३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२१४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

२१५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अबलम्वन गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ।

२१६. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन, क्षमता विकास हुने खालका अध्ययन, अवलोकन तथा भ्रमण आवश्यकताका आधारमा गरिनेछ।

२१७. बिनियोजन कुशलता र बजेट खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरीद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरयुक्त बनाइनेछ।

२१८. वडास्तरमा घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ।

२१९. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाइ संयन्त्र, नियमित र स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ। आगामी आर्थिक बर्षदेखी पालिकाको नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह गरिनेछ

२२०. प्रत्येक वडामा घुम्ती सेवा, सार्वजनिक सुनुवाइ ,बार्षिक प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण र अन्य रचानात्मक कार्य अबलम्वन गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ।

२२१. कर्मचारीहरुमा उत्प्रेरणा र क्षमता विकास गर्नको लागि तालिम तथा प्रशिक्षण, कदर पत्र सहित सम्मान, प्रोत्साहन र पुरुस्कृत गर्ने ब्यबस्था मिलाइनेछ।

२२२. क्रमश पुँजीगत खर्चलाइ बृद्धि गर्दै सार्वजनिक खर्चमा मितब्ययीता कायम गरिनेछ। संस्थागत सुशासनलाइ विशेष जोड दिइनेछ।

२२३. आगामी आर्थिक बर्षदेखी सामाजिक सुरक्षा र ब्यक्तिगत घटना दर्ता प्रणालीलाई बायोमेट्रिक प्रणालीमा आवद्ध गरिनेछ । जेष्ठ नागरिकहरुको वडामै स्वास्थ्य परिक्षण तथा वडामै सामाजिक सुरक्षा भत्ता वितरणको ब्यवस्था मिलाईनेछ ।

२२४. खरिद ईकाईको संस्थागत क्षमता वृद्धि तथा पुनःगठन गरिनेछ ।आयोजना तथा कार्यक्रम संसोधन गर्न नपर्ने गरी यथार्थपरक बजेट प्रस्ताव गर्ने नीति अबलम्बन गरिनेछ ।

**<u>करको दायरामा विस्तार :आन्तरिक क्षमतामा सुधार</u>**

२२५. **हामीले तिरेको कर हाम्रै सानीभेरीको विकासका लागिः कर तिर्नु मेरो कर्तव्य हो** भन्ने बिषयलाई आत्मसाथ गर्दै बार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर परिचालन गर्न करका दर र दायरा बढाउदै लगिनेछ। सबै वडा र पालिकाको मासिक, अर्धबार्षिक र बार्षिक रुपमा कर संकलन गर्ने लक्ष्य तोकिनेछ। तोकिएको लक्ष्यभन्दा बढी कर संकलन गर्ने वडाहरुलाई आर्थिक बर्ष २०८२/०८३ देखि वडाहरुमा पठाइने सिलिङको बिनियोजन सूचकका रुपमा राखिनेछ।

२२६. गाउँपालिकाभित्रका सबै व्यावसायहरुलाई करको दायरामा ल्याइनेछ। करदाता शिक्षामार्फत कर सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।

२२७. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२२८. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

२२९. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

२३०. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन समयमै सम्पन्न गरी दहत्तर बहत्तरमा हुने राजस्व चुहावट नियन्त्रण गरिनेछ। राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी र नगर प्रहरी संगको समन्वयलाइ प्रभावकारी बनाइनेछ।

२३१. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

२३२. अव्यवस्थित वसोवासीहरुलाई घरधुरी कर लगाइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।बन क्षेत्रबाट प्राप्त हुने आयलाइ क्रमश बढाउदै लगिनेछ।विज्ञापन जडीवुटी र कवाडी कर ब्यवस्थित गरिनेछ।

२३३. आर्थिक वर्ष २०७४/७५ देखी को धरौटी, फरफारक सदरस्याहा गरी पालिकाको आन्तरिक आयको दायरामा ल्याईने छ।

## <u>न्यायिक समितिको आवाज: सदभावयुक्त समाज</u>

२३४. न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास, मेलमिलापकर्ताहरुको सूचीकरण र न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई ब्यबस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्यप्रक्रिया र मेलमिलाप प्रवर्द्वन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२३५. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२३६. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

२३७. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

२३८. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित र सक्रिय बनाईनेछ।

२३९. मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलापकर्ताहरुलाइ कार्यविधिका आधारमा पारिश्रमिकको ब्यवस्था गरिने छ।

२४०. पालिकका कानुन तर्जुमा र कार्यन्वयनमा संघ र प्रदेश सरकारको सहयोगमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।

## <u>विकासमा साझेदारी:हाम्रो जिम्मेवारी</u>

२४१. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

२४२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ। यसमा स्थानीय जेष्ठ नागरिकहरुको भरपुर सहयोग लिईनेछ ।

२४३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

२४४. योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ।

२४५. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको गुणस्तर र नियमितताको सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय अनुगमन समितिले नियमित अनुगमन तथा प्रतिवेदन अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको ब्यबस्था मिलाइनेछ।

२४६. उपभोक्ताको हकहितलाई संरक्षण गर्न र बजार अनुशासन कायम राख्नका लागि उपभोक्ता सहित एकीकृत बजार अनुगमन गर्ने ब्यबस्था मिलाइनेछ।

२४७. उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यन्वयन सम्बन्धी तालिम तथा प्रशिक्षणको माध्यमबाट योजना कार्यन्वयन क्षमता बढाइनेछ। समयमै, गुणस्तरयुक्त र मापदण्ड बमोजिम योजना कार्यन्वयन गर्ने प्रत्येक वडाबाट १/१ गरी ११ वटा उपभोक्ता समितिलाई गाउँसभाबाट कदरपत्र सहित प्रोत्साहन गरिनेछ।

२४८. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना तथा कार्यक्रम सञ्चालन

गर्नुपर्ने व्यवस्थालाई कडाईकासाथ लागू गरिनेछ।संघसस्थाको परिचालन गाउँपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा गरिनेछ ।

२४९. सरकारी तथा गैरसकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसंग दोहोरिन नदिन बार्षिक विकास कार्यक्रममा आबद्ध हुने गरी कार्यन्वयन गर्ने ब्यबस्था मिलाइनेछ।

२५०. सानीभेरी गाउँपालिका वडा नं १ लाई नमुना वडा बनाउन तथा नमुना वडा योजना अनुरुपका गतिविधि सन्चालन गर्न संघ र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

२५१. छिमेकी पालिकासंग मिलेर सिमा क्षेत्रमा पुर्वाधार विकासका काम सम्पन्न गरिनेछ ।

**अन्त्यमा,**

२५२. आर्थिक बर्ष २०८१/०८२ को यस नीति तथा कार्यक्रमले सानीभेरी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाँक्षालाई आत्मसाथ गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनयापनमा सहजता, मानव विकासमा सुधार, वातावरण संरक्षणमा योगदान र समता सहितको समानतामार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग गर्नेछ।

२५३. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा सानीभेरी गाउँपालिकाको दोस्रो आवधिक पञ्चबर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनमा सबै तहका सरकारहरु, विकास साझेदार तथा आम गाउँपालिकाबासीहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वास गर्दछु।

२५४. हाम्रो सामू विद्यमान रहेका असंख्य चुनौतीका चाङहरुलाई वैज्ञानिक, जनमूखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहंम जिम्मेवारीबोध निर्वाचित जनप्रतिनिधिहरुलाई आइलागेको छ। ब्यबस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै **समृद्ध सानीभेरीः आत्मनिर्भर**

**सानीभेरी** बनाउन सदैव लागिपरिरहने प्रतिबद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र कर्मचारीहरु, गाउँपालिकाका प्रवक्ता ज्यू, वडाध्यक्षज्यू र सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, समितिका पदाधिकारी ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन ब्यक्त गर्दछु।

**धन्यबाद।।।**

**बिर्ख बहादुर बिष्ट**
**अध्यक्ष**

**आज्ञाले**
**दिपक बुढाथोकी**
**प्रमुख प्रशासकीय अधिकृत**